नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५८० मिति :- २०६९ /५/१

नेपाल राष्ट्र बैंक, वैकिङ्ग कार्यालय थापाथली, इजाजतपत्र प्राप्त "क" वर्गका सम्पूर्ण वाणिज्य बैंकहरु र "ख" वर्गका बिकास बैंकहरु । :

विषयः परिवर्त्य विदेशी मुद्रामा गरिने आयात प्रतीतपत्र कारोवार सम्वन्धमा ।

महाशय,

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतवाहेक अन्य मुलुकहरुवाट गरिने आयातका लागि खोलिने प्रतीतपत्र कारोवार सम्बन्धमा निम्न व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. आयात प्रतीतपत्र खोल्दा अपनाउनु पर्ने प्रकृयाः

१(१) आयातकर्ताले पेश गर्नुपर्ने कागजातहरुः

आयातकर्ताले आयात प्रतीतपत्र खोल्नु पूर्व सम्वन्धित वैंकले तोकेअनुसारको प्रतीतपत्र खोल्ने निवेदन (L/C Application) पूर्णरुपमा भरेर सो सँग निम्नानुसारका कागजातहरु संलग्न गर्नुपर्नेछः

(क) आयातकर्ता फर्मको अद्यावधिक फर्म दर्ता प्रमाणपत्र
(ख) अद्यावधिक आयकर दर्ता प्रमाणपत्र
(ग) प्रोफर्मा इन्भ्वाइस, इन्डेन्ट वा कन्ट्रयाक्ट पेपर
(Proforma Invoice, Indent or Contract Paper)

यसरी संलग्न गरेको Proforma Invoice, Indent वा Contract Paper मा निम्न व्यहोरा स्पष्टरुपमा खुलेको हुनुपर्ने छ :

(अ) सामानको नाम, व्राण्ड र मोडेल नम्वर भए सो समेत
(आ) सामान उत्पादन गर्ने मुलुकको नाम
(इ) इकाई मूल्य, परिमाण र जम्मा मूल्य ।
(ई) इन्कोटर्म (CIF, FOB,CFR, EXW आदि )
(उ) भुक्तानीको किसिम (Sight Payment, Usance भए कति समयको र Deferred Payment भएमा कति प्रतिशत डकुमेन्ट प्राप्त भएपछि र कति प्रतिशत सम्पूर्ण सामान प्राप्त भएपछि भुक्तानी हुने हो सो कुरा खुल्ने विवरण आदि)
(ऊ) कम्तीमा आठ Digit को हार्मोनिक कोड नं.
(ए) आयातकर्ता तथा निर्यातकर्ताको नाम तथा ठेगाना

१(२) वि.वि.नि.फाराम नं. ३ भर्नुपर्ने :

आयात प्रतीतपत्र खोल्न निवेदन दिने आयातकर्ताले माथि १(१) मा उल्लिखित कागजातहरुका साथमा यसै परिपत्र साथ संलग्न वि.वि.नि.फाराम नं. ३ विधिवत रुपमा भरेर संलग्न गर्नुपर्नेछ । एउटै प्रतीतपत्रमार्फत एकभन्दा बढी समूह अन्तरगतका सामानहरुको प्रतीतपत्र खोल्दा ( वा भुक्तानी गर्दा) समूह अनुसार भिन्दाभिन्दै मूल्य तथा परिमाण अनिवार्यरुपमा उल्लेख गरेको हुनुपर्नेछ । वि.वि.नि.फा.नं. ३ भर्दा ३ प्रति भर्नु पर्नेछ । एक प्रति (पहिलो प्रति) फाइलमा राख्नु पर्दछ भने दोश्रो र तेश्रो प्रति क्रमश: सम्बन्धित भन्सार कार्यालयमा र यस बिभागमा पठाउने व्यबस्था गर्नु पर्नेछ ।

१(३) आयात प्रतीतपत्रमा भन्सार विन्दु उल्लेख गर्नुपर्ने:

१(३)(१) आयात प्रतीतपत्र खोल्दा आयात गरिने वस्तु जुन भन्सार विन्दुबाट भित्रिने हो सो भन्सार विन्दुको नाम र ठेगाना प्रतीतपत्रमा अनिवार्यरुपले उल्लेख गर्नुपर्नेछ तथा सोही भन्सार विन्दु प्रतीतपत्र अन्तर्गत खिचिने कागजात मध्ये कम्तीमा Invoice अथवा Transport Document मध्ये कुनै एकमा उल्लेख हुने गरी प्रतीतपत्र खोल्नु पर्ने छ ।

१(३)(२) बिभिन्न कारणले प्रतीतपत्रमा उल्लिखित भन्सार विन्दुबाट सामान नभित्रिई भन्सार विन्दु परिवर्तन गरी सामान भित्र्याउनुपर्ने अवस्था आएमा नेपाल सरकार, वाणिज्य विभागको स्वीकृति लिनु पर्नेछ ।

१(३)(३) पैठारी हुने मालवस्तुका लागि प्रतीतपत्र खोल्दाकै अवस्थामा एउटा मात्र भन्सार विन्दु उल्लेख गर्नु पर्ने छ ।

१(४) प्रतीतपत्रमार्फत सामान आयातगर्न सकिने भन्सार नाकाहरु:

१(४)(१) नेपाल सरकार अन्तरगतका बिभिन्न कार्यालय, आयोजना तथा सरकारी संस्थानहरुले आयात गर्ने सामान वाहेक अन्य आयातकर्ताहरुले तेश्रो मुलुकवाट भारतको भूभाग भई ( ट्रक वा रेलमार्ग मार्फत) आयात गरिने सम्पूर्ण वस्तुहरु निम्न भन्सार नाकाहरुबाट मात्र नेपाल भित्र्याउनु पर्नेछ ।

(क) मेची भन्सार (ख) विराटनगर भन्सार (ग) बीरगञ्ज भन्सार (घ) भैरहवा भन्सार (ङ) नेपालगञ्ज भन्सार (च) धनगढी भन्सार र (छ) वीरगञ्ज सुख्खा वन्दरगाह भन्सार ।

१(४)(२) भारतको मार्ग प्रयोग नभई आयात गरिने सामानको हकमा त्रिभूवन अन्तरराष्ट्रिय विमानस्थल भन्सार तथा तातोपानी भन्सार कार्यालयबाट पनि प्रतीतपत्र अन्तर्गतको सामान आयात गर्न सकिनेछ ।

१(४)(३) भारतको भूभाग भई/वा नभई तेश्रो मुलुक निर्यात हुने व्यापारिक सामानको हकमा पनि उपरोक्त अनुसारका भन्सार विन्दुको प्रयोग गर्नु पर्नेछ ।

१(५) केन्द्रीय स्तरबाट अनुगमन हुनुपर्ने:

अमेरिकी डलर ५० हजार वा सो वरावरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी रकमको प्रतीतपत्रहरु खोलिएमा सम्बन्धित वैंकको केन्द्रीय कार्यालयले अनिवार्यरुपमा अनुगमन गर्नुपर्नेछ ।

१(६) प्रतीतपत्रको रकम संशोधन

बैंकले प्रतीतपत्र खोलिसके पछि प्रतीतपत्रमा उल्लिखित रकमको दश प्रतिशतभन्दा बढी हुने गरी संशोधन गर्नुपरेमा नियमानुसार गर्नुपर्ने अन्य कुराहरुका अतिरिक्त आफ्नो केन्द्रीय कार्यालयको

समेत स्वीकृति लिनुपर्नेछ । तर, संशोधित रकम अमेरिकी डलर एकहजार वा त्यस वरावरको अन्य परिवर्त्य विदेशी मुद्रा वा सो भन्दा कम हुने भएमा त्यस्तो स्वीकृति लिन आवश्यक पर्ने छैन ।

## २. प्रतीतपत्रमा संशोधन

माथि १(१) मा उल्लिखित Proforma Invoice, Indent वा Contract Paper का आधारमा आयात प्रतीतपत्र खोलिसकेपछि Beneficiary र Applicant दुबैको स्वीकृतिमा त्यस प्रतीतपत्र उपर संशोधन गर्नुपरेमा नियमानुसार संशोधन गर्न सकिनेछ ।

(द्रष्टव्यः प्रतीतपत्र खोल्दा वा संशोधन गर्दा All Discrepancies acceptable भन्ने जस्ता clause राख्न पाइने छैन)

## ३. प्रतीतपत्रको सेटलमेन्ट तथा भुक्तानी प्रकृयाः

३(१) नेपाली आयातकर्ता (Applicant) को अनुरोधमा नियमानुसार खोलिने प्रतीतपत्र Opening Bank ले आफ्नो Correspondent बैंकमार्फत विदेशस्थित Beneficiary को नाममा स्वीफ्ट मार्फत पठाउनुपर्नेछ । यसरी पठाएको प्रतीतपत्र अन्तर्गत Beneficiary द्वारा तयार पारिएका प्रतीतपत्रसम्वन्धी कागजातहरु (L/C Documents) Negotiating Bank बाट Opening Bank मा प्राप्त भएपछि नियमानुसार त्यस्ता कागजातहरु प्रतीतपत्रको सर्त अनुसार छ/छैन जाँच गरेपछि मात्र प्रतीतपत्रको Settlement गरी भुक्तानी प्रकृया अघि बढाउनुपर्नेछ ।

३(२) यसरी गरिने भुक्तानी प्रकृया Reimbursement basis मा खोलिएका प्रतीतपत्रमा, Collection basis मा भुक्तानी गरिने गरी खोलिएका प्रतीतपत्रमा र Usance basis मा खोलिने प्रतीतपत्रमा फरक फरक हुने भएकोले सोही बमोजिम प्रतीतपत्रको भुक्तानी प्रकृया पूरा गर्नु पर्नेछ ।

३(३) प्रतीतपत्रको रकम भुक्तानी गर्दा ACU अन्तरगतका मुलुकहरुमा (भारत वाहेक) ACU को विद्यमान व्यबस्था अनुसार नेपाल राष्ट्र बैंक मार्फत भुक्तानी गरिनु पर्नेछ ।

३(४) भारत तथा अन्य तेश्रो मुलुकमा भुक्तानी गर्दा Opening Bank को सम्वन्धित परिवर्त्य विदेशी मुद्रा अन्तरगतको Nostro Account बाट Negotiating bank मार्फत Beneficiary खातामा पठाउने व्यबस्था गर्नु पर्नेछ । Beneficiary लाई सोझै ड्राफ्ट, टि.टि वा Wire Transfer को माध्यमवाट भुक्तानी गर्न पाइने छैन ।

३(५) Negotiating Bank बाट प्राप्त भएका आयात प्रतीतपत्र सम्वन्धी कागजातहरु (L/C Documents) प्रतीतपत्रको सेटलमेन्ट पछि आयातकर्ताको सामान भारतीय वन्दरगाहबाट छुटाउने प्रयोजनका लागि दरपीठ गरी हस्तान्तरण गर्दा आयातकर्ताको आवश्यकता अनुसार उसैले तोकको क्लियरिङ्ग एण्ड फरवार्डिङ्ग एजेन्टको नाममा दरपीठ गरी हस्तान्तरण गर्नु पर्नेछ । यस प्रयोजनका लागि बैंकहरुले क्लियरिङ्ग एण्ड फरवार्डिङ्ग एजेन्टहरुको प्यानल खडा गरी सोही प्यानलमा रहेका एजेन्ट तथा कम्पनीहरु मार्फत मात्र कारोवार गर्नुपर्नेछ ।

## ४. वि.वि.नि.फाराम नं. ४ जारी गर्नु पर्ने :

४(१) प्रतीतपत्रमार्फत आयात गरिएको सामान तोकिएको भन्सार नाकाबाट नेपाल भित्र्याउनका लागि प्रतीतपत्र खोल्ने बैंकले वि.वि.नि.फाराम नं. ४ जारी गर्नु पर्नेछ । वि.वि.नि.फाराम नं. ४ को नमूना यसै परिपत्र साथ संलग्न गरिएको छ । उक्त फारामका साथमा बैंकले निम्न अनुसारका कागजातहरु पनि प्रमाणित गरी साथसाथै पठाउनु पर्नेछ ।

(क) "Certified True Copy" भनी छाप लगाएर अधिकार प्राप्त अधिकारीले दस्तखत गरेको प्रतीतपत्रको छविचित्र (संशोधन भएको भए सोको समेत)

(ख) व्यापारिक वीजक (Commercial Invoice)

(ग) प्याकिङ्ग लिष्ट (Packing list) (प्रतीतपत्रमा माग भएको अवस्थामा मात्र)
(घ) उत्पत्तिको प्रमाणपत्र (Certificate of origin)
(ङ) ढुवानी सम्वन्धी कागजात (Transport Document)
(च) वीमा सम्वन्धी कागजात (Copy of Insurance Document)

४(२) वि.वि.नि.फाराम नं. ४ लाई ४ प्रति तयार गर्नु पर्नेछ :
यसै परिपत्र साथ संलग्न वि.वि.नि.फा.नं. ४ लाई ४ प्रति तयार गरी देहाय बमोजिम गर्नुपर्नेछ :

(क) पहिलो २ प्रति माथि ४(१) मा (क) देखि (च) सम्म उल्लेख गरिएका कागजातसंगै भन्सार कार्यालयमा पठाउनु पर्नेछ ।

(ख) तेश्रो प्रति यस बैंकलाई उपलब्ध गराउनुपर्नेछ ।

(ग) चौथो प्रति कार्यालय प्रयोजनको लागि राख्नुपर्नेछ ।

(घ) भन्सार कार्यालयलाई उपलव्ध गराइएका २ प्रति मध्ये एकप्रति सम्वन्धित भन्सार कार्यालयवाट सामान भित्रिएको प्रमाणित भईसकेपछि सम्वन्धित बैंकमा फिर्ता हुने व्यबस्था गर्नुपर्नेछ ।

(ङ) यसरी पठाएको वि.वि.नि.फाराम नं. ४ जारी भएको मितिले तीन महिनासम्म (तल दफा ५(५)(२) उल्लेख भए बाहेक) पनि भन्सार कार्यालयबाट (सामान नेपाल भित्रिएको प्रमाण स्वरुप) फिर्ता नआएमा त्यस्ता प्रतीतपत्रको कारोवार गर्ने आयातकर्ताहरुको फेहरिस्त उक्त तीन महिना समाप्त भए पश्चात् आउने महिनाको पहिलो सात दिन भित्र यस बैंकलाई उपलव्ध गराउनु पर्नेछ ।

(च) युसान्स तथा Deferred Payment प्रतीतपत्र अन्तरगत हुने आयातको हकमा पनि सम्वन्धित आयातकर्ताले बैंकवाट कागजात छुटाउंदा वि.वि.नि.फा.नं. ४ भरेर त्यसमा पछि गरिने भुक्तानी सम्वन्धी कुरा उल्लेख गरी भन्सार प्रयोजनको लागि जारी गर्नु पर्नेछ ।

(छ) यूसान्स तथा Deferred Payment प्रतीतपत्रको भुक्तानी सामान भित्रिएको निश्चित समयपछि मात्र गरिने हुँदा त्यस्तो भुक्तानीको हकमा वि.वि.नि.फा.नं. ४(घ) को थप व्यबस्था गरिएकोले त्यस्तो भुक्तानी गरिएपछि वि.वि.नि.फा.नं. ४(घ) भरेर नियमित रुपमा यस बैंकमा पठाउनु पर्नेछ । वि.वि.नि.फाराम नं ४(घ) को नमूना यसै परिपत्र साथ संलग्न गरिएको छ ।

५. धरौटी सम्वन्धी व्यबस्था:

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुनेगरी सवै देशहरुबाट (भारत सहित) बस्तु आयात गर्न खोलिएका आयात प्रतीतपत्रहरुमा लिनुपर्ने धरौटी सम्वन्धमा देहाय बमोजिम व्यबस्था गरिएको छ ।

बैंकहरुले आयातकर्ताबाट धरौटी लिंदा देहाय बमोजिम लिन सक्नेछन:

(क) आयातकर्ताबाट सोभै नगद जम्मा लिएर ।
(ख) आयातकर्ताको निक्षेप खाता/ओभर ड्राफ्ट खाता खर्च गरी ।
(ग) नेपाल सरकारबाट जारी भएका राष्ट्रिय वचतपत्र, राष्ट्र ऋणपत्र र ट्रेजरी बिल जस्ता उपकरणहरु धितो राखेर ।
(घ) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको मान्य हुने ऋणपत्र तथा वण्ड र त्यस्ता संस्थाहरुको मुद्दती रसिद धितो राखेर ।
(ङ) चल्ती तथा बचत खाताको मौज्दात एयरमार्क गरेर ।
(च) ओभर ड्राफ्ट लगायत अन्य फण्डेड कर्जाको लिमीट एयर मार्क गरेर ।
(छ) यसरी लिइने धरौटी रकम बैंकहरुले प्रतीतपत्र खोल्दा लिने गरेको सुरक्षण मार्जिनको अतिरिक्त हुनेछ ।

५(१) काठमाडौ उपत्यकास्थित प्रतीतपत्र कारोवार गर्ने बैंकका केन्द्रीय कार्यालय लगायत सवै शाखा कार्यालयहरुले यस बैकको बैकिङ्ग कार्यालयमा खोलिएका तत्-तत् बैंकहरुको केन्द्रीय कार्यालयको मुख्य खाताबाट प्रतीतपत्र धरौटीको कारोवार गर्नुपर्नेछ ।

५(२) काठमाडौ उपत्यका वाहिरका बैंक शाखा कार्यालयहरुले आ-आफ्नो क्षेत्रस्थित यस बैंकका कार्यालयहरुमा खोलेका मुख्य खाताबाटै प्रतीतपत्र धरौटीका कारोवार गर्नुपर्नेछ ।

५(३) प्रतीतपत्र कारोवार गर्ने बैंकका कार्यालयहरुलाई छुट्टा छुट्टै चेकवुक आधिकारिक मागका आधारमा यस बैंकको सम्वन्धित कार्यालयहरुवाट उपलब्ध गराइनेछ ।

५(४) उद्योगहरुले प्रतीतपत्रमार्फत गर्ने आयातको हकमा प्रतीतपत्रका डकुमेन्टहरु Negotiating Bank बाट प्राप्त भएपछि डकुमेन्टमा उल्लिखित रकमको २ प्रतिशत धरौटी वापत लिनु पर्दछ । यसरी धरौटी लिएर मात्र वि.वि.नि.फा.नं. ४ जारी गर्नु पर्नेछ । Sight/ Usance / Deferred Payment जुनसुकै प्रकारको प्रतीतपत्र भएतापनि डकुमेन्ट भ्यालुको २ प्रतिशत रकम धरौटी वापत लिएर मात्र वि.वि.नि.फा.नं. ४ जारी गर्नु पर्नेछ । आयातकर्ता उद्योगले चाहेमा उक्त धरौटी रकम बराबरको एकाण्टपेयी चेक प्रतीतपत्रमा उल्लेख गरिएको भन्सार कार्यालयको नाममा जारी गर्न सकिनेछ । यसरी जारी भएको चेक माथि ५(१) र ५(२) मा व्यबस्था भएवमोजिमका खाताबाट खर्च गर्नु पर्नेछ । तर निम्न कागजात संलग्न भई आएको अवस्थामा भने धरौटी लिन नपर्ने व्यबस्था गरिएको छ ।

५(४)(१) नेपाल सरकार भन्सार विभागले सम्बन्धित आयातकर्ताको नाममा जारी गरेको वण्डेड वेयरहाउसको प्रमाणपत्र । (त्यस्तो प्रमाणपत्रको म्याद गुज्रेको अवस्थामा नविकरण गरिएको हुनु पर्नेछ) ।

५(४)(२) आयात गरेको मालवस्तु छुटाउन नेपाल सरकारको सम्वन्धित भन्सार कार्यालयको नाममा जारी गरिएको वैंक ग्यारेण्टीको प्रतिलिपि ।

५(५) व्यापारिक फर्मद्वारा प्रतीतपत्रमार्फत गरिने आयातको हकमा प्रतीतपत्र अन्तर्गत भुक्तानी पठाउनुअघि डकुमेन्ट भ्यालुको १० प्रतिशत रकम धरौटीको रुपमा लिएर मात्र वि.वि.नि.फा.नं.४ जारी गर्नुपर्नेछ । तर व्यापारिक फर्मबाट लिइने यसप्रकारको धरौटी लिने समय भने प्रतीतपत्रमा उल्लिखित भुक्तानीको सर्त (Payment terms) अनुसार फरक पर्न सक्नेछ ।

५(५)(१) प्रतीतपत्र अन्तर्गत कुनै डकुमेन्ट कलेक्शन (Collection) को आधारमा प्राप्त हुन आएमा वा नेगोसियट (Negotiate) भई आएमा समेत प्रतीतपत्र जारी गर्ने बैंकले डकुमेन्ट प्राप्त भएपछि डकुमेन्ट Release गर्ने बखतमा रकम भुक्तानी गर्नु अघि डकुमेन्ट भ्यालुको १० (दश) प्रतिशत धरौटीको रुपमा लिई वि.वि.नि.फा.नं. ४ जारी गर्नु पर्नेछ ।

५(५)(२) प्रतीतपत्रमा भुक्तानीका सर्तहरु T.T. reimbursement basis भएको खण्डमा प्रतीतपत्र जारी गर्नुभन्दा पहिला नै प्रतीतपत्रमा उल्लिखित रकमको (Tolerance भएमा सो समेत) १० प्रतिशत धरौटी रकम लिएर मात्र प्रतीतपत्र जारी गर्नु पर्नेछ र वि.वि.नि.फा.नं. ४ पनि जारी गर्नु पर्नेछ । यसरी जारी भएका वि.वि.नि.फा.नं. ४ सम्वन्धित भन्सार कार्यालयबाट प्रमाणित भई वैंकमा वुझाउनु पर्ने म्याद १२० दिन कायम हुनेछ ।

५(५)(३) माथि ५(५)(१) र ५(५)(२) अनुसार लिएका १० प्रतिशत धरौटी रकम आयातकर्ताले चाहेमा प्रतीतपत्रमा उल्लिखित भन्सार कार्यालयका नाममा एकाउण्टपेयी चेक (माथि ५(१) र ५(२) मा व्यबस्था भएका खाताहरुबाट खर्च हुने गरी) जारी गर्नु पर्नेछ ।

५(५)(४) यसरी जारी गरिएको प्रत्येक चेकको पछाडि देहाय बमोजिमका कुराहरु प्रष्टरुपमा उल्लेख गर्नु पर्नेछ ।

(क) प्रतीतपत्र नम्वर
(ख) आयातकर्ताको नाम
(ग) व्यापारिक वीजक नम्वर
(घ) वीजकमा उल्लिखित विदेशी मुद्रा रकम
(ङ) निर्यातकर्ताको नाम
(च) वि.वि.नि.फा.नं. ४ को सिरियल नं.

५(५)(५) आयातकर्ताले वुझाउनु पर्ने भन्सार महशुल लगायत अन्य राजश्व रकमको प्रयोजनको लागि समेत उक्त चेकको रकम प्रयोग गर्न सकिनेछ ।

५(६) माथि ५(४) र ५(५) का सम्पूर्ण वुँदाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित बैंकले Clean Document को आधारमा उल्लिखित म्यादभित्र भुक्तानी गरेपश्चात् आयातकर्ताले डकुमेन्ट छुटाउन नआएको वा आयातकर्ताले बैंकलाई भुक्तानी दिई नसकेको अवस्थामा पनि वि.वि.नि.फा.नं. ४ अनिवार्यरुपले जारी गर्नु पर्नेछ । आयातकर्तालाई सो फारम दिने वा नदिने भन्ने कुरा सम्वन्धित वैंक आफैले निर्णय गर्न सक्नेछ ।

५(७) उपरोक्त अनुसार जारी भएका धरौटी रकमका चेकहरु सम्वन्धित भन्सार कार्यालयमार्फत यस बैंकको बैकिङ्ग कार्यालय, थापाथली लगायत उपत्यका वाहिरका कार्यालयहरुमा प्राप्त भएपछि ती चेकहरु (तल वुँदा नं ५(९) अनुरुप रित नपुगेका समेत) आफ्नै कार्यालयमा रहेको खाताको भए सोही खाता खर्च गरी र अन्य कार्यालयका भए विल खरीदका माध्यमबाट भन्सार कार्यालयलाई तत्काल भुक्तानी दिई प्रचलित व्यबस्था वमोजिम हिसावमिलान गर्नु पर्नेछ ।

५(८) भन्सार कार्यालयको नाममा चेक जारी गरे पछि सम्वन्धित बैंकले यस बैंकको बैकिङ्ग कार्यालय वा जिल्लास्थित कार्यालयमा रहेका मुख्य खातामा पर्याप्त रकम राख्नु पर्दछ । भन्सारबाट प्राप्त चेकहरु वापत खर्च लेख्दा कथंकदाचित खातामा पर्याप्त मौज्दात नभएमा नपुग रकममा न्यूनतम रु.१,०००।- वा बैकदर + २ प्रतिशतका दरले लगाइने व्याजमध्ये जुन बढी हुन्छ सो रकम हर्जाना लगाइने छ ।

५(९) भन्सार कार्यालयका नाममा जारी गरिने यस्ता चेकहरुमा Protectograph, मिति, जारी गर्ने बैंकको नाम, ठेगाना लगायत चेक तयार गर्दा नियमानुसारका सबै रीत पु-याई जारी गर्नु पर्नेछ । कथंकदाचित भूलवस रीत नपु-याई जारी भएको अबस्था देखिएमा जे जस्तो अवस्थाको भएपनि सम्वन्धित बैंकको खाता खर्च गरी भन्सार कार्यालयलाई भुक्तानी दिने व्यबस्था गर्नु पर्ने भएकोले यसबाट पर्न जाने नकारात्मक प्रभावको जिम्मेवारी चेक जारी गर्ने सम्वन्धित बैंक कै हुनेछ । साथै कुनै बैंकले यस्तो चेक जारी गर्दा उल्लिखित रीत नपु-याएको अवस्थामा रीत नपुगेको प्रत्येक चेकको लागि रु. ५००।- का दरले हर्जाना लगाइनेछ ।

५(१०) यदि कुनै आयातित वस्तुहरूमा लाग्ने सम्पूर्ण भन्सार आयातीत बस्तुको मूल्यको महसूल १० ( दश) प्रतिशत भन्दा कम भएको कारण १० (दश) प्रतिशत वरावर रकमको चेक जारी गर्न उपयुक्त नहुने व्यहोराको निवेदन आयातकर्तावाट प्राप्त भएमा उक्त निवेदनमा उल्लेख गरे अनुसारको प्रतिशतले हुने रकम वरावरको चेक जारी गर्ने र वाँकी रकम धरौटीको रूपमा लिई वि.वि.नि.फा.नं.४ जारी गर्नुपर्नेछ । उपर्युक्त धरौटी रकम सम्वन्धित बैंकले फिर्ता दिन सक्नेछ । यस्तो रकम फिर्ता दिनुअघि सम्वन्धित बैंकले देहायका कागजातहरु प्राप्त गरेको हुनु पर्नेछ

(क) भन्सार कार्यालयवाट Endorse (इण्डोर्स) भईआएको वि.वि.नि.फा.नं.४ को सक्कल प्रति,
(ख) प्रज्ञापनपत्रको प्रतिलिपि
(ग) राजश्व तिरेको रसिद अनिवार्य रूपमा प्राप्त भएको हुनुपर्नेछ ।

कथंकदाचित धरौटी बापतको चेकहरु रद्द गर्नु परेमा निम्न कागजात हेरी जाँची सम्बन्धित बैंक आफैले रद्द गर्न सक्नेछ ।

(क) आयात भन्सार प्रज्ञापनपत्र ।
(ख) राजश्व वापत रकम बुझाएको निस्सा ।
(ग) सम्वन्धित भन्सार कार्यालयवाट प्रमाणित भई आएको बि.बि.नि.फा.नं.४

५(११) व्यापारिक फर्म र औद्योगिक फर्मबाहेक निम्न प्रतीतपत्रहरूमा माथि उल्लेख भए बमोजिम धरौटी लिनु नपर्ने व्यबस्था गरिएको छ ।

(क) परिवर्त्य विदेशी मुद्रामा खाता भएका खातावालाले सो खाता खर्च हुने गरी खोलेका प्रतीतपत्रहरू,
(ख) कूटनैतिक सुविधा प्राप्त निकायले खोलेका प्रतीतपत्रहरू,
(ग) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संस्थानहरूले खोलेका प्रतीतपत्रहरू, र
(घ) विदेशी ऋण, सहयोग र सहायता अन्तर्गत विदेशबाटै शोधभर्ना (Reimbursement) हुने गरी खोलिएका प्रतीतपत्रहरू ।

५(१२) प्रतीतपत्र खोल्ने बैंकको शाखा कार्यालयबाट जारी भईसकेको वि.वि.नि.फा.नं.४ निर्धारित समयभित्र फिर्ता आए/नआएको र धरौटी वापत जारी चेकहरू भुक्तानी भए/नभएको वारे नियमित रूपले अनुगमन गर्नुपर्नेछ । कथंकदाचित चेक जारी भएको मितिले वढीमा ९० (नव्वे दिनभित्र (माथि ५(५)(२) मा उल्लेख भएको हकमा १२० दिन भित्र) पनि कुनै चेकको भुक्तानी नभएको देखिन आएमा त्यस्ता चेक सम्वन्धी सम्पूर्ण विवरण उक्त ९० अथवा १२० दिनको म्याद समाप्त भए पश्चात् आउने महिनाको पहिलो सात दिन भित्र यस विभागलाई जानकारी गराउनु पर्नेछ । यस सम्बन्धी तोकिएका कुनै फाराम निर्धारित समयभित्र नआएमा सोको जानकारी समेत यस विभागलाई दिनुपर्नेछ ।

५(१३) भन्सार कार्यालयको नाममा जारी गरिएका धरौटी बापतका चेक म्यादभित्र प्रयोग हुन नसकी म्याद थप गर्न आएमा सम्वन्धित बैंक आफैले त्यस्ता चेकको म्याद थप गर्न सक्ने अथवा उक्त चेकको सक्कल नै फिर्ता लिई सोको सट्टामा नयाँ चेक जारी गर्न समेत सक्ने व्यवस्था गरिएकोछ ।

५(१४) प्रतीतपत्र नखोली ड्राफ्ट/टि.टि./DAP/DAA को माध्यमबाट आयात गर्दा लिइने २ प्रतिशत, १० (दश) प्रतिशत अथवा १५ प्रतिशत धरौटीको सम्बन्धमा पनि चेक सम्बन्धी माथि उल्लिखित व्यवस्था लागू हुनेछ । चेकको पछाडि विवरण भर्दा प्रतीतपत्र नम्बरको सट्टा Draft /T.T. Reference/DAP/ DAA नंम्बर उल्लेख गर्नुपर्नेछ ।

५(१५) कुनै पनि आयात प्रतीतपत्रको लागि स्थायी सीमा (Permanent limit) स्वीकृत गराई कारोवार गर्ने उद्योगी/व्यवसायीहरुले चाहेमा आवश्यक धरौटी वरावरको रकम स्वीकृत कोषमा आधारित सीमा (Funded limit) लाई मार्किङ्ग गरेर पनि वि.वि.नि.फा.नं. ४ जारी गर्न सक्नेछन् ।

५(१६) रासायनिक मलको कारोवारमा निजी क्षेत्रलाई समेत सहभागिता गराउने सम्वन्धमा रासायनिक मलहरूको Specification अनुसार आयात प्रतीतपत्र खोल्नुपर्ने र सो प्रतीतपत्रको १ (एक) प्रति नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, रासायिनक मल इकाइ, सिंहदरबारमा पठाउनु पर्नेछ । कुनै आयातकर्ताले प्रतीतपत्र मार्फत रासायनिक मल आयात गर्न चाहेमा सम्वन्धित बैंक आफैले देहाय बमोजिमको शर्तहरूको अधिनमा रही प्रचलित व्यवस्था अन्तर्गत रही प्रतीतपत्र खोल्न सक्ने सक्नेछ ।

(क) रासायनिक मलको आयात मूल्यको २ (दुई) प्रतिशतले हुने रकम बराबरको नगद वा बचतपत्र वा विकास ऋणपत्र वा सम्बन्धित बैंकलाई मान्य हुने सुरक्षणपत्र धरौटीको रूपमा राखी प्रतीतपत्र खोल्न सकिने ।

(ख) रासायनिक मलको आयात प्रतीतपत्र खोलीसकेपछि प्रतीतपत्र रकम बराबरको मल आयात नभएमा सम्बन्धित बैंकले त्यस्ता सुरक्षणपत्र रोक्का गरी ७ (सात) दिनभित्र यस विभागलाई अनिवार्यरूपमा जानकारी गराउनुपर्ने ।

द्रष्टव्य: बैंक ग्यारेन्टीको आधारमा रासायनिक मल आयात गर्नुपरेमा भने यस बैंकको स्वीकृति अनिवार्य रुपमा लिनुपर्ने छ ।

६. <u>आयात प्रतीतपत्र सम्वन्धी अन्य अनिवार्य व्यवस्थाहरू :</u>

६(१) प्रतीतपत्र खोलेको मितिभन्दा अघि ढुवानीकर्ता (Transporter) बाट जारी भएको ढुवानी सम्वन्धी कागजात (Transport Documents) को आधारमा बैंकले प्रतीतपत्रको भुक्तानी दिन तथा सो प्रतीतपत्रसँग सम्वन्धित अन्य कामकारवाही गर्नुपरेमा **Uniform Customs & Practice for Documentary Credit UCP DC 600** अन्तर्गत रही आयात गरिने सामान भन्सार बिन्दूमा आई पुगिनसकेको भनी सम्बन्धित आयातकर्ताले **Self Declare** गरेको कागजात सहित प्रतीतपत्र संशोधन गरिदिन आयातकर्ताले निवेदन गरेमा सो बमोजिम संशोधन गर्न सकिनेछ ।

तर भारतबाट नै सामान ढुवानी हुने गरी खोलिएको प्रतीतपत्रको हकमा त्यस्तो **Declaration** आवश्यक पर्ने छैन ।

६(२) दफा-६(१) मा उल्लिखित ढुवानी सम्वन्धी कागजात (Transport Document) जारी भएको मितिभन्दा ४५ (पैंतालीस) दिन पछाडि सम्वन्धित बैंकमा प्राप्त हुन आएमा त्यस्ता प्रतीतपत्रको छुट्टै विवरण मासिकरूपमा यस विभागमा पठाउनु पर्नेछ ।

६(३) भन्सार कार्यालयवाट वि.वि.नि.फा.नं.४ प्राप्त भएपछि सम्वन्धित बैंकले भन्सार रसिदको फोटोकपी सक्कल रसिदसँग भिडाई प्रमाणित गरी राख्नु पर्नेछ ।

६(४) आयातकर्ताले बैंकसँग प्रतीतपत्र सम्बन्धी कारोवार गर्दा सम्वन्धित फर्म वा कम्पनीको नाममा खोलिएको खाताबाट मात्र गर्नु पर्नेछ । फर्म वा कम्पनीको नाममा खाता खोल्दा सम्बन्धित फर्म वा कम्पनीको अधिकारप्राप्त अधिकारी स्वयं उपस्थित भई गरेको दस्तखत सम्बन्धित बैंकका अधिकृतबाट सनाखत गरी प्रमाणित गर्नु पर्नेछ ।

६(५) खाता खोल्दा आवश्यक पर्ने कागजातका प्रतिलिपिहरू सम्बन्धित बैंकका अधिकृतले सक्कल कागजात हेरी प्रमाणित गर्नुपर्नेछ ।

६(६) प्रतीतपत्र खोल्नको लागि आवश्यक पर्ने निम्न कागजातका प्रतिलिपिहरू प्रत्येक आर्थिक वर्षमा एकपटक सम्बन्धित बैंकका अधिकृतले सक्कल हेरी प्रमाणित गर्नुपर्नेछ ।

(क) अध्याबधिक भएको फर्मको दर्ता प्रमाणपत्र वा कम्पनी दर्ता प्रमाणपत्र,
(ख) अध्याबधिक भएको आयकर दर्ता प्रमाणपत्र,
(ग) अधिकारप्राप्त व्यक्तिको नागरिकताको प्रमाणपत्र ।

६(७) बैंकमा प्रतीतपत्र खोल्ने फर्म वा कम्पनीले आफ्नो तर्फबाट काम गर्न कसैलाई अख्तियारी दिंदा फर्म वा कम्पनीका प्रोप्राईटर वा संचालक वा कार्यकारी प्रमुख जस्ता आधिकारिक व्यक्ति स्वयं उपस्थित भई सही गरी अख्तियारी दिने र अख्तियारी पाउने व्यक्तिको बास्तविक पहिचान (नाम, थर, ठेगाना, निजसँगको सम्बन्ध, टेलिफोन नम्बर, Fax नम्बर तथा नागरिकताको प्रमाणित प्रतिलिपि) बैंकलाई

उपलब्ध गराउनुपर्नेछ । तर, नेपाल सरकार, नेपाल सरकारको स्वामित्व रहेको संस्था वा पब्लिक लिमिटेड कम्पनीको हकमा अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको अख्तियारी भए पुग्ने भएकोले यो दफा र उप-दफा ६(४) लागू हुने छैन ।

६(८) दफा-६(७) बमोजिम अख्तियारी दिंदा अख्तियारी पाउने व्यक्तिले गरेको कामकारवाहीको सम्पूर्ण जिम्मेवारी अख्तियारी दिनेको समेत हुने ब्यहोराको लिखत गराउनु पर्नेछ ।

६(९) सम्वन्धित बैंकले प्रचलित निर्देशनको अधिनमा रही अरू कसैको जमानतमा प्रतीतपत्र खोल्दा प्रतीतपत्रमा उल्लिखित सामान पैठारी नभई विदेशी मुद्रा अपचलन भएमा वा राजश्व चुहावट भएमा प्रतीतपत्र खोल्ने निवेदनसँगै त्यस्तो जमानी दिने व्यक्ति फर्म वा कम्पनी समेत पूर्ण जिम्मेवारी हुने व्यहोराको कागज गराउनुपर्नेछ ।

६(१०) सम्बन्धित भन्सार कार्यालयबाट फिर्ता प्राप्त भएको वि.वि.नि.फा.नं.४ को प्रमाणिकता यकिन गर्न भन्सार अधिकृतहरूको अद्यावधिक दस्तखत नमूना भन्सार कार्यालयले अनिबार्यरूपमा बैंकहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

६(११) बैंकले जारी गर्ने वि.वि.नि.फा.नं.४ को प्रमाणिकता यकिन गर्न बैंकका अधिकृतहरूको अद्यावधिक दस्तखत नमूना बैंकले भन्सार कार्यालयहरूमा अनिवार्यरूपमा उपलब्ध गराउनुपर्नेछ ।

६(१२) वि.वि.नि.फा.नं.४ लगायत प्रमाणित गर्नुपर्ने सबै कागजात प्रमाणित गर्दा सम्वन्धित अधिकृतको दस्तखत नमूना अनुरूपकै दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ ।

६(१३) वि.वि.नि.फा.नं.४ जारी गर्दा र फिर्ता पठाउँदा निम्नानुसारको व्यवस्था गर्नु पर्नेछ :

(क) बैंक र भन्सारबीच कागजात आदान प्रदान गर्दा शिल (लाहा) छाप प्रयोग गर्नुपर्नेछ ।

(ख) बैंकले वि.वि.नि.फा.नं.४ जारी गर्दा प्रत्येक भन्सार बिन्दुपिच्छे अलगअलग फाईल खडा गरी सोही फाईलबाट सिलसिला मिलाई सिरियल नम्बर राख्नुपर्नेछ ।

(ग) भन्सार कार्यालयले पनि वि.वि.नि.फा.नं.४ प्रमाणित गरी बैंकमा पठाउँदा बैंकको शाखा अनुसार अलगअलग फाईल खडा गरी सोही फाईलबाट सिलसिला मिलाई सिरियल नम्बर राख्नुपर्नेछ ।

(घ) भन्सार कार्यालयले खण्ड (ग) अनुसार राखिएको अभिलेखको प्रतिलिपि १५/१५ दिनमा सम्बन्धित बैंकको शाखामा अनिवार्यरूपले पठाउनुपर्ने ।

(ङ) भन्सार कार्यालयबाट अभिलेख प्राप्त भएपछि सम्बन्धित बैंकले आफ्नो अभिलेख ( सिरियल नम्बर र रकम) सँग भिडाउनुपर्ने र नभिडेमा अबिलम्ब सोको जानकारी यस वैंकलाई दिनुपर्ने ।

६(१४) सम्वन्धित बैंकले मूलप्रतिको अभावमा प्रतिलिपि कागजात (Copy Document) को आधारमा वि.वि.नि.फा.नं.४ जारी गर्नुपर्ने भएमा आयातकर्ताबाट प्रतीतपत्रमा उल्लिखित सम्पूर्ण कागजातको प्रतिलिपि प्राप्त गरी तिनलाई प्रतीतपत्रसँग Cross Verfify गरी उचित लागेमा त्यस्ता कागजातमा दरपीठ (Endorse) गरी आयातित बस्तुको मूल्य वरावरको रकम लिएर मात्र वि.वि.नि. फा.नं. ४ जारी गर्नुपर्ने र निर्यातकर्तालाई भुक्तानी पठाउँदा भने निर्यातकर्ताको बैंकबाट प्राप्त आधिकारिक कागजातहरूको आधारमा मात्र पठाउन पाईनेछ । पछि भुक्तान हुने गरी खोलिएको प्रतीतपत्र (Usance L/C) को हकमा भने आयातित बस्तुको मूल्य वरावरको रकम लिनुपर्ने बन्देज लागू हुने छैन ।

६(१५) Copy Document को आधारमा वि.वि.नि.फा.नं.४ जारी भएको मितिले ४५ दिनभित्र Original Document पेश भै सक्नु पर्ने, अन्यथा सोही आयातकर्तालाई पुनः Copy Document को आधारमा

वि.वि.नि.फा.नं.४ जारी गर्न नमिल्ने, साथै यस्तो म्याद भित्र Original Document पेश नभएको केसहरू उक्त म्याद नाघेको १५ दिनभित्र यस बैंकलाई जानकारी गराउनु पर्ने छ ।

६(१६) Original Document प्राप्त भएपछि Copy Document सँग Verify गर्नुपर्ने र कथंकदाचित् फरक भएको पाइएमा Original Document प्राप्त गरेको मितिको १५ दिनभित्र त्यस्ता केसहरू यस बैंकलाई जानकारी गराउनु पर्ने छ ।

६(१७) सामान्यतया रेड क्लज (Red Clause) राखी प्रतीतपत्र खोल्न पाईने छैन । तर आयात प्रतीतपत्रको माध्यमबाट अग्रिम भुक्तानी पठाउने हकमा त्यस्तो अग्रिम भुक्तानी आयातकर्ताको आफ्नै परिवर्त्य विदेशी मुद्रा खातामा रहेको मौज्दातबाट खर्च व्यहोरिने हो भने अग्रिम भुक्तानीको व्यवस्थासमेत राखी आयात प्रतीतपत्र खोल्न सकिनेछ । यस्तो केशमा सम्बन्धित बैंकले भुक्तानी भए अनुरूपको बस्तु/सेवा आयात भए/नभएको वारे अनिवार्यरूपमा अनुगमन गर्नुपर्नेछ र कथंकदाचित तोकिएको समयभित्र उक्त बस्तु/सेवा आयात नभएको पाईएमा अनिवार्यरूपमा यस विभागलाई जानकारी दिनुपर्नेछ ।

६(१८) माथि उल्लेख भएको अवस्था वाहेक माल बस्तु तथा सेवाहरू आयात गर्न प्रचलित व्यबस्था बमोजिम खोलिएका प्रतीतपत्र अन्तर्गत अग्रिम भुक्तानी पठाउनुपरेको खण्डमा देहायमा उल्लिखित सर्तहरूको अधिनमा रही त्यस्तो अग्रिम भुक्तानी पठाउन सकिने छ ।

(क) त्यस्तो अग्रिम भुक्तानी गर्नु परेमा सामान्यतया Beneficiary को तर्फबाट भुक्तानी पठाइने रकम बरावरको बैंक ग्यारेण्टी उपलव्ध गराउनु पर्ने ।

(ख) कथंमकदाचित त्यस्तो बैंक ग्यारेण्टी उपलव्ध गराउन नसकिने भएमा भुक्तानी पठाउन चाहेको रकमको १० (दश) प्रतिशतले हुने रकम सम्वन्धित बैंकमा धरौटीको रूपमा राख्नु पर्ने ।

(ग) काम सम्पन्न भएको प्रमाणको आधारमा सम्वन्धित प्रतीतपत्र जारी गर्ने बैंकले नै यस्तो धरौटी रकम फुकुवा गर्न सक्ने ।

(घ) काम सम्पन्न भएको निस्सा पेश गर्नुपर्ने समयावधि बढीमा ६ (छ) महिना कायम गर्ने । तर, जलविद्युत लगायतका निर्माण सम्पन्न गर्न लामो समय लाग्ने परियोजनाहरुका हकमा भने काम सम्पन्न भएका निस्सा पेश गर्न ६ महिना भन्दा बढी लाग्ने हुनाले सो अवधि वैंकहरु आफैले निर्धारण गर्न सक्ने ।

(ङ) तोकिएको समयावधिभित्र काम सम्पन्न गरी सोको निस्सा पेश नगरेको खण्डमा उक्त कार्यबाट विदेशी मुद्रा अपचलन भएको मानिने तथा प्रतीतपत्र जारी गर्ने बैंकले त्यस्तो प्रतीतपत्र सम्वन्धी विवरण उक्त म्याद समाप्त भए पश्चात् आउने महिनाको पहिलो ७ (सात) दिनभित्र यस विभागलाई जानकारी गराउनु पर्नेछ । यस सम्बन्धी थप कारवाही प्रचलित कानून बमोजिम गरिने छ ।

६(१९) कम्पनीबाहेक अन्य फर्मको हकमा दर्ता प्रमाणपत्रमा उल्लिखित पूँजीको २० (बीस) गुणाभन्दा बढी रकमको प्रतीतपत्र दायित्व बाँकी रहने गरी प्रतीतपत्र खोल्न पाईने छैन ।

६(२०) आयातित बस्तुको उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) चेम्बर अफ कमर्स, सरकारी कार्यालय, सम्बन्धित संघ संस्था जस्ता अधिकार प्राप्त सम्बन्धित निकायबाट जारी भएको हुनुपर्नेछ । तर आयातकर्ताले मन्जुरी गरेमा निर्यातकर्ताले जारी गरेको उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) पनि मान्य हुनेछ ।

६(२१) बैंकले कुनै फर्म/कम्पनीसँग पहिलो पटक प्रतीतपत्र कारोवार गर्दा त्यस्तो फर्मको व्यापारिक हैसियत, अनुभव, फर्म वा कार्यालय रहेको स्थान, फोन नम्बर, फ्याक्स (Fax) नम्बर, हिस्सेदारहरू तथा सञ्चालकहरुको विश्वसनियताको सम्बन्धमा विस्तृत जानकारी लिएर मात्र कारोवार गर्नुपर्नेछ ।

६(२२) प्रत्येक बैंकले प्रतीतपत्र कारोवार गर्ने आफ्ना कार्यालयहरूको वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको ९० दिन भित्रमा आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन यस विभागमा पठाउनुपर्नेछ ।

६(२३) आयात हुने बस्तुहरू (जस्तैः औद्योगिक फर्म/कम्पनीहरूले आयात गर्ने मेशिनरी तथा औजारहरू आदि) को सूची लामो भएको कारणले सम्पूर्ण बस्तुहरू प्रतीतपत्रमा खुलाउन ब्यबहारिक दृष्टिकोणले नसकिने भएमा प्रचलित व्यवस्था अनुसार उक्त प्रतीतपत्रसँग सम्बन्धित वि.वि.नि.फा.नं.३ एवम् प्रतीतपत्रको बिबरण सम्बन्धित निकायमा पठाउँदा अनिवार्यरूपले जुन Proforma Invoice को आधारमा प्रतीतपत्र खोलिएको हो सो Proforma Invoice मा सम्बन्धित बैंकले आफूले खोलेको प्रतीतपत्र नम्बर समेत उल्लेख गरी उक्त Proforma Invoice को प्रमाणित प्रति संलग्न गर्नुपर्नेछ ।

६(२४) यस सम्बन्धमा हार्मोनिक कोड नम्वर उल्लेख गर्दा नेपाल सरकार, भन्सार विभागले प्रकाशित गर्ने भन्सार महशुल दरवन्दी कितावमा उल्लेख गरे अनुरुप कम्तीमा आठ अङ्कको कोड नं. अनिवार्यरूपले उल्लेख गर्नुपर्ने । उपर्युक्त आठ अङ्कको कोड नं. अनिवार्य रूपले Proforma Invoice मा नै उल्लेख भएको हुनुपर्ने तथा प्रतीतपत्र स्वयंमा समेत उल्लेख गर्नुपर्नेछ ।

६(२५) तेस्रो मुलुकको बैंकबाट Advise हुने गरी खोलिएको प्रतीतपत्र मार्फत भारतबाट सामान Shipment गर्न तथा त्यस्तो आयातको भुक्तानी भारतमा गर्न पाइने छैन । तर बहुराष्ट्रिय कम्पनीहरुको भारतस्थित कार्यालयको नाममा प्रचलित व्यबस्था अन्तरगत प्रतीतपत्र खोली तेश्रो मुलुकमा निर्मित बस्तुहरु तेश्रो मुलुकबाट Shipment भएको आधारमा हुने आयातको भुक्तानी भारतमा समेत परिवर्त्य विदेशी मुद्रामा गर्न सकिनेछ ।

६(२६) Transferable L/C अन्तर्गत जुन पार्टीको नाममा L/C लाई Transfer गरिने हो उक्त पार्टिको नाम L/C मा स्पष्ट उल्लेख गर्नु पर्ने छ । साथै अमेरिकन डलर ५० (पचास) हजार वा सो भन्दा बढि मूल्यको Transferable L/C को हकमा Transferee Party को तल दफा ११ मा उल्लेख भए अनुसारको सन्तोषजनक व्यापारिक साख सूचना (Business Credibility Information Report) लिएर मात्र L/C खोल्न अथवा संशोधन गर्न पाइनेछ ।

६(२७) कुनै आयोजना विशेषको निमित्त दुई वा दुई भन्दा बढि फर्म अथवा कम्पनी मिलेर Joint Venture (J/V) स्थापना गरेको अवस्थामा उक्त J/V नेपाल सरकारको कुनै आधिकारिक निकायमा दर्ता हुनुपर्ने अनिवार्य व्यवस्था नभएको यथार्थलाई मध्यनजर राख्दै त्यस्तो J/V ले आयोजनाको निमित्त प्रतीतपत्र खोल्न अनुरोध गरेमा उक्त J/V को J/V Agreement, PAN दर्ता प्रमाणपत्र, उक्त J/V मा सामेल भएका फर्म अथवा कम्पनीहरुको माथि १(१) अनुसारका कागजात छुट्टा छुट्टै लिई तथा आयोजनाको करार सम्बन्धि कागजात समेत पेश गर्न लगाई प्रतीतपत्र खोल्न सकिने छ ।

६(२८) FOB/FCA/EXW/FAS जस्ता Incoterms को आधारमा प्रतितपत्र खोलिएको अवस्थामा विदेश स्थित कम्पनीबाट ढुवानी व्यवस्था गराई आयातकर्ताले Freight खर्च बापत भारतवाहेक अन्य मुलुकमा भुक्तानी गर्न अनुरोध गरेमा भुक्तानी गर्नु पर्ने पक्षको आधिकारिक निवेदन साथ देहायका कागजातका आधारमा यस्तो भुक्तानी गर्न सकिनेछ ।

६(२८)(१) ढुवानीको लागत प्रष्ट हुने सम्बन्धित पक्षले जारी गरेको Invoice/Bill को सक्कल प्रति ।

६(२८)(२) मालसामान आयातको लागि जारी भएको प्रतीतपत्र वा ड्राफ्ट अथवा SWIFT Message को प्रतिलिपि ।

७. युसान्स प्रतीतपत्र (Usance L/C) को सम्वन्धमा ।

७(१) औद्योगिक फर्महरुले खोल्ने आयात प्रतीतपत्रको हकमा युसान्सको अवधि आयातकर्ता र निर्यातकर्ताको सहमति बमोजिम सम्वन्धित बैंकले नै तय गर्न सकिने छ ।

७(२) व्यापारिक फर्महरुले गर्ने आयातको हकमा युसान्स प्रतीतपत्रको अवधि १२० दिनभन्दा बढी गर्न पाइने छैन ।

७(३) युसान्स/Deferred Payment प्रतीतपत्रका डकुमेन्ट सम्बन्धित वैंकले चाहेको खण्डमा आयातकर्ता र निर्यातकर्ताको सहमति बमोजिम Discount गर्न सकिने छ । Document discount गर्दा लाग्ने व्याज लगायतका बैक चार्जहरु Beneficiary ले नै व्यहोर्नु पर्नेछ । साथै अमेरिकन डलर ५० (पचास) हजार वा सो भन्दा बढि मूल्यको युसान्स/Deferred Payment प्रतीतपत्र अन्तर्गत प्रतीतपत्र जारी गर्ने बैंकले नै Discount गर्न सक्ने गरी प्रतीतपत्रमा व्यवस्था गरिएको छ भने त्यस्तो प्रतीतपत्र खोल्नु अगावै उल्लिखित Beneficiary को तल दफा ११ मा उल्लेख भए अनुसारको व्यापारिक साख सूचना (Business Credibility Information Report) अनिवार्य रुपमा लिनु पर्ने छ ।

८. वण्डेड वेयरहाउस (Bonded Warehouse) अन्तरगत आयात गर्ने वस्तुका सम्वन्धमा ।

प्रचलित कानून बमोजिम स्थापना भएका तयारी पोशाक उद्योग स्वयंम्ले आ-आफ्नो उद्योगको निमित्त बिदेशवाट कच्चा पदार्थ आयात गर्ने भएमा त्यस्ता उद्योगहरूलाई Usance प्रतीतपत्रको सुबिधा दिने र यस प्रकारको सुबिधा वन्डेड वेयर हाउस (Bonded Warehouse) अन्तर्गत आयात गर्नदिने बस्तुहरूमा मात्र प्रदान गर्न सकिनेछ ।

९. आयात प्रतीतपत्रमा उल्लिखित रकमभन्दा बढी रकमको कागजात (Documents) प्राप्त भएको अवस्थामा सम्वन्धित प्रतीतपत्रको Terms and Condition भित्र रही जतिसुकै रकमको त्यस्ता कागजात पनि स्वीकार गर्न सकिनेछ ।

१०. व्याक टु व्याक (Back to Back) प्रतीतपत्र कारोबार सम्वन्धमा ।

तयारी पोशाक उद्योगहरुले आफ्नो उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ (कपडा) व्याक टु व्याक प्रतीतपत्रको माध्यमबाट पनि आयात गर्ने व्यबस्था रहेको छ । यसरी व्याक टु व्याक प्रतीतपत्र खोल्दा आयात गरिएका कच्चा पदार्थ (कपडा) को भुक्तानी सो कच्चा पदार्थबाट निर्मित तयारी पोशाक निर्यात गरी भुक्तानी प्राप्त भएपछि सोही भुक्तानी (Export Proceeds) मध्येबाट मात्र आयात प्रतीतपत्रको Payment Terms मा उल्लिखित सर्त अनुरुप भुक्तानी हुने व्यहोरा Back to Back प्रतीतपत्रमा अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।

Back to Back L/C को माध्यमवाट तयारी पोसाक उद्योगले कपडा आयात गर्दा निम्न कुराहरूको आधारमा मात्र गर्नुपर्नेछ ।
१०(१) तयारी पोसाक निर्यात गर्ने उद्योगको नाममा समुद्रपार मुलुकको क्रेताले उक्त उद्योगबाट उत्पादित तयारी पोसाक खरिद गर्न प्रतीतपत्र खोलेको हुनुपर्नेछ ।
१०(२) तयारी पोसाक निर्यात उद्योगलाई प्राप्त हुने प्रतीतपत्रमा तयारी पोसाकको निर्यातको भुक्तानी ९० (नव्वे) दिन भित्र हुने शर्त रहनुपर्नेछ ।

१०(३) तयारी पोसाक उद्योगले आयात गर्ने कच्चा पदार्थ कपडाको भुक्तानी निर्यात आर्जन मध्येबाट हुने हुँदा यस्ता उद्योगको नाममा कच्चा पदार्थ आपूर्ति गर्ने निर्यातकर्तालाई मन्जुर भएमा Back to Back L/C खोल्न सकिने छ ।

१०(४) तयारी पोसाक उद्योगलाई प्राप्त हुने उपरोक्त प्रतीतपत्रमै निर्यात हुने तयारी पोसाकको FOB मूल्यको वढीमा ५० प्रतिशतसम्म रकमबाट तयारी पोसाक उद्योगले आयात गर्ने कच्चा पदार्थ कपडाको भुक्तानी गर्ने र बाँकी रकम नेपालमा भुक्तानी पठाउने शर्त अनुबन्धित हुनुपर्नेछ ।

११. परिवर्त्य विदेशी मुद्राको प्रतीतपत्र कारोबार मार्फत हुन सक्ने विदेशी विनिमयको अपचलनलाई नियन्त्रण गर्ने दृष्टिकोणबाट परिवर्त्य विदेशी मुद्राको प्रतीतपत्र मार्फत आयात र निर्यात कारोवार गर्नु अघि अनिवार्य रुपमा व्यापारिक शाख सूचना (Business Credibility Information) लिने सम्बन्धमा देहायको व्यबस्था गरिएकोछ ।

११(१) आयात प्रतीतपत्र खोल्नु अघि निर्यात गर्ने बिदेशी फर्म/कम्पनी वा संस्थाको व्यापारिक शाख सूचना (Business Credibility Information) सम्वन्धी जानकारी लिनु पर्नेछ ।

११(२) निर्यात प्रतीतपत्र अन्तरगत निर्यात डकुमेण्टहरु Negotiation वा Purchase गर्नु अघि विदेशस्थित खरिदकर्ताको व्यापारिक शाख सूचना (Business Credibility Information) सम्बन्धी जानकारी लिनु पर्नेछ ।

११(३) साख सूचना नेपालस्थित यस्तो काम गर्ने कुनै निकाय वा नेपालमा शाखा कार्यालय भएका अन्तरराष्ट्रिय कुनै प्रतिष्ठित निकायहरूको प्रतिनिधिमार्फत सम्वन्धित बैंक आफैले लिनुपर्नेछ ।

११(४) Credit Risk वा High Credit Risk वा Rating Not determined भन्ने जस्ता व्यहोरा उल्लेख भई आएको हकमा प्रतीतपत्र खोल्नु परेमा सामान्य अबस्थामा जुन तहबाट प्रतीतपत्र खोल्न अनुमति निकाशा हुन्छ सो तहभन्दा एक तहमाथिको निकाशा अनिवार्य रुपले लिनुपर्नेछ । Rating स्पष्ट उल्लेख नभई Satisfactory/Good Conduct of Account मात्र उल्लेख छ भने त्यस्तो अवस्थामा सो अनुमति आवश्यक पर्ने छैन ।

११(५) एक पटक लिइएको यस्तो व्यापारिक साख सूचना (Business Credibility Information) एक वर्षसम्मका लागि मात्र मान्य हुनेछ ।

११(६) सरकारी तथा अर्ध सरकारी निकायहरूले Global Tender को आधारमा प्रदान गरेको Contract अर्न्तगत खोलिने प्रतीतपत्रहरूको हकमा यस्तो व्यापारिक साख सूचनाको आवश्यकता पर्नेछैन ।

११(७) एउटा बैंकले प्राप्त गरेको सूचना अरू बैंकहरूले पनि प्रयोग गर्न सक्नेछन् ।

११(८) अमेरिकी डलर ५०,०००।-(पचास हजार) वा सो भन्दा बढी रकमका प्रतीतपत्र कारोवारहरूको हकमा यो व्यबस्था लागू हुनेछ । अमेरिकी डलर ५०,०००।- (पचास हजार) भन्नाले (संशोधन गरी रकम थप गरिएको भए सो समेत) गणना हुनेछ ।

११(९) यस्तो साख सूचना प्रतीतपत्र खोल्ने सम्वन्धित बैंकको Correspondent बैंकबाट पनि लिन सकिनेछ ।

११(१०) Back to Back प्रतीतपत्र, Usance तथा Deferred Payment प्रतीतपत्रहरूको हकमा साख सूचना लिनु पर्नेछैन । साथै भुक्तानीको शर्त आंशिक रुपमा Sight तथा आंशिक रुपमा Usance अथवा Deferred Payment भएको अवस्थामा पनि साख सूचना आवश्यक पर्नेछैन ।

११(११) नेपाली निर्यातकर्ताहरूले आफुले प्राप्त गरेको प्रतीतपत्रको आधारमा निर्यात गर्दा प्रतीतपत्रमा उल्लेख गरेका सम्पूर्ण Terms and Conditions हरू पालना हुन्छ भने त्यस्ता क्लिन Clean डकुमेण्टहरूको Negotiation वा Purchase गर्दा साख सूचना आवश्यक पर्ने छैन ।

१२. परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी खोलिएका आयात प्रतीतपत्रहरु र ती प्रतीतपत्रहरु अन्तरगत हुने विदेशी मुद्रा भुक्तानी सम्बन्धी अनुगमन प्रकृयालाई बढी प्रभावकारी बनाउन प्रतीतपत्र सम्बन्धी सूचना प्रणाली कम्प्यूटरको माध्यमबाट देहाय बमोजिम गर्नुपर्नेछ :

१२(१) त्यस बैंक तथा त्यस बैंक अन्तर्गतका प्रतीतपत्र कारोवार गर्ने सबै शाखा कार्यालयले प्रतीतपत्र खोलेको विवरणहरू, यस बैंकले निर्धारण गरेको वि.वि.नि.फा.नं.३ को आधारमा कम्प्युटर सूचना प्रणालीको माध्यमबाट दैनिक रूपमा पठाउनुपर्नेछ ।

१२(२) प्रतीतपत्र अन्तर्गत गरिएको परिवर्त्य विदेशी मुद्राको भुक्तानी विवरण पनि यस बैंकले तोकिदिएको पैठारीको भुक्तानी प्रमाणपत्र वि.वि.नि.फा.नं.४ को आधारमा कम्प्युटर सूचना प्रणालीको माध्यमबाट दैनिक रूपमा पठाउनुपर्नेछ ।

१२(३) माथि १२(१) र १२(२) मा उल्लेख गरिए अनुसारको विवरणहरू Modem को माध्यमबाट दैनिक रूपमा यस बैंकको केन्द्रीय कार्यालयस्थित कम्प्यूटरमा Data Transmit गर्नुपर्नेछ । तर शाखा कार्यालयहरूको हकमा भने यस्ता सूचनाहरू सिधैं यस बैंकमा Data Transmit गर्ने व्यवस्था नगरिएको हुँदा मुख्य कार्यालयले सो सूचनाहरू संकलन गरी यस बैंकको कम्प्युटरमा Transmit गर्नुपर्नेछ । यस कार्यको लागि यस बैंकबाट व्यवस्था गरिएको Branch Code को प्रयोग गर्नुपर्नेछ ।

१२(४) कम्प्युटर सूचना प्रणालीको माध्यमबाट Data Transmit गर्नका लागि यस बैंकबाट व्यवस्था गरिएको Data base structure अनुसार Data Entry गरी फाईलहरू तयार गर्नु पर्नेछ ।

१२(५) कम्प्युटर इन्ट्रीको लागी तयार गरिएको बैंक कोड, भंसार कोड, यूनिट कोडको विवरण समेत यस बैंकबाट तयार गरिए अनुसार हुनेछ ।

१२(६) आयात हुने वस्तुहरूको Harmonized Code हरूको सम्बन्धमा नेपाल सरकार भंसार महसुल दरवन्दीमा उल्लेख भए अनुरूपको ८ digits को Harmonized Code प्रयोग गर्नुपर्नेछ ।

१२(७) भारतको कोलकाता वन्दरगाह भै आउने गरी तेश्रो मुलुकबाट सामान आयात गर्न खोलिएको प्रतीतपत्रहरूको (संशोधन भए सो समेत) विवरण तहाँको प्रत्येक शाखाबाट सिधै वाणिज्य विभाग समेतलाई साप्ताहिक रूपमा यसैसाथ संलग्न ढाँचा वमोजिम सिलसिला नम्वर उल्लेख गरी पठाउनु पर्नेछ ।

१२(८) यस व्यवस्था अन्तर्गत प्राप्त हुनुपर्ने विवरणहरू समयमा उपलब्ध नभएमा आयतकर्ताहरूलाई आयातित वस्तुहरू छुटाउने प्रक्रियामा अवरोध आउन सक्ने सम्भावना रहेको र यसबाट हुने कुनै किसिमको हानी नोक्सानीको सम्पूर्ण जिम्मेवारी समयमै सूचना प्रदान नगर्ने सम्बन्धित बैंकको नै हुने तथा Data Transmit गर्न आवश्यक पर्ने अन्य कुनै विवरणका लागि यस विभागमा सम्पर्क गर्नु पर्नेछ ।

१३. प्रचलित व्यबस्था अन्तरगत रही परिवर्त्य विदेशी मुद्रामा तथा भारतीय रुपैयामा भुक्तानी हुने गरी आयात प्रतीतपत्र खोल्दा सम्वन्धित निकायको पूर्वस्वीकृति अनिवार्य रुपमा लिएर मात्र खोल्नु पर्ने आयात प्रतीतपत्रहरुको व्यबस्था सम्वन्धमा ।

१३(१) मदिरा निकासी पैठारी :

मदिरा ऐन २०३१, अनुसार कुनै पनि फर्म तथा कम्पनीले मदिरा निकासी पैठारी गर्नु पर्दा नेपाल सरकार, आन्तरिक राजश्व विभागको पूर्व स्वीकृति लिनुपर्नेछ ।

१३(२) पोष्तादानामा परिमाणात्मक बन्देज :

पोष्तादाना (Poppy seed) को आयातमा परिमाणात्मक बन्देज लागू रहेको हुँदा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृति दिएको परिमाण बाहेकको आयात प्रतीतपत्र खोल्न पाइने छैन ।

१३(३) पुराना कपडा, धातु तथा प्लाष्टिकवाट वनेका सामान तथा यन्त्रोपकरण :

उद्योगले पैठारी गर्ने बाहेक व्यापारिक फर्महरूले पैठारी गर्ने पुराना कपडा, धातु तथा प्लाष्टिकबाट बनेका सामान तथा यन्त्रोपकरणको हकमा त्यस्तो प्रतीतपत्र खोल्नु अघि नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रूपले लिनुपर्नेछ ।

१३(३)(१) धातुः Copper, Brass, Bronze, Aluminum र Zinc Scraps को हकमा सम्वन्धित सामान घातक पत्रु (Hazardous Scrap) भए नभएको वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका अधिकृतहरुले निरीक्षण गरी घातक नभएको देखिएमा छोड्ने वातावरणीय दृष्टिकोणले अनुमति दिने । आयात गरिने Scrap हरु Institute of Scrap Recycling Industry's (ISRI) Scrap Specification अनुसार हुनुपर्नेछ । उक्त वमोजिमका Scrap हरु ल्याउनु पर्ने भएमा प्रतीतपत्र खोल्नु अघि नै उक्त मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

१३(३)(२) प्लाष्टिकबाट बनेका सामानः Plastic Scrap को सम्वन्धमा Scrap Plastic र Recycled Granules को आयातमा २०५३ सालदेखि लगाइएको प्रतिवन्धलाइ यथावत राखिएकोछ ।

१३(३)(३) कपडाः बाढी, पहिरो, आगजनी जस्ता दैवी विपत्तीको सन्दर्भमा सहयोग स्वरुप आयात हुने पुराना कपडालाई नेपाल अधिराज्यको कुनै स्वास्थ्य संस्थाका पञ्जिकृत चिकित्सकले रोगमुक्त भनी लिखित प्रमाणित गरी दिएमा त्यस्ता पुराना कपडालाई आयात गर्न दिने तर अरु कुनैपनि प्रयोजनमा पुराना कपडा आयात गर्न दिइने छैन ।

१३(३)(४) यन्त्रोपकरणः व्यापारिक प्रयोजनको लागि कुनै पनि Second Hand सामानहरु आयात गर्न पाइने छैन । जस्तैः

| | | | |
|---|---|---|---|
| (क) टेलिभिजन | (ख) फ्याक्स | (ग) फ्रिज | (घ) रेफ्रिजेरेटर |
| (ङ) एयर कण्डिसनर | (च) फोन | (छ) कम्प्युटर | (ज) प्रिण्टर |
| (झ) फोटोकपी | (ञ) फ्यान | (ट) अफसेट मेसिन | (ठ) ओभन |
| (ड) वासिङ्ग मेशिन | (ढ) ड्रायर मेशिन | | |

साथै, वायु प्रदुषण वृद्धि गर्न सक्ने मोटरका Engine का Pump, cylinder piston, head जस्ता पुराना सामान समेत आयात गर्न दिइने छैन ।

१३(४) ओजोन तहलाई नष्ट गर्ने पदार्थहरू :

नेपालभित्र ओजोन तहलाई नष्ट गर्ने पदार्थहरूको पैठारी एवं उपभोगलाई नियन्त्रित गर्ने विषयको मिति २०५७ साल असोज ९ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनाको खण्ड ३ मा सोही सूचनाको खण्ड १ को प्रकरण (क) र (ख) मा उल्लिखित ओजोन तहलाई नष्ट गर्ने पदार्थहरूको पैठारी गर्नको लागि प्रतीतपत्र खोल्नु अघि वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्व अनुमति लिएर मात्र खोल्न पाइनेछ ।

१३(५) जैविक पदार्थ, चल्ला वा माछाका भूरा वा पशु दाना निकासी वा पैठारी गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट सिफारिश पत्र लिनु पर्नेछ । (जैविक पदार्थ (वायोलोजिकल्स) भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधी, खोप वा जैविक रसायन सम्भनु पर्छ ।

१४. खाद्य पदार्थ आयात गर्न खोलिने प्रतीतपत्र सम्बन्धी व्यबस्था :

नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट अनुरोध भई आए बमोजिम खाद्य पदार्थ आयात गर्न जारी गरिने प्रतीतपत्रका सम्बन्धमा निम्न बमोजिम व्यबस्था गरिएको छ :

१४(१) देहाय बमोजिमका खाद्य पदार्थ आयात गर्नका लागि प्रतीतपत्र जारी गर्नु अगावै नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट जारी भएको आयात अनुमतिपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

(क) दूध तथा धुलो दूध
(ख) कच्चा एवम् रिफाइण्ड खाने तेल
(ग) प्रशोधित पिउने पानी
(घ) फल तथा पानीमा आधारित नन् अल्कोहोलिक पेय पदार्थ, जुस तथा वेभरेज **(Fruit & Water Based Non Alcoholic Drinks, Fruit Juice & Beverage )**

१४(२) खण्ड १४(१) बमोजिम प्रतीतपत्र खोल्दा त्यस्तो अनुमतिपत्रमा उल्लेख भए अनुसारको आयातकर्ता/निर्यातकर्ता, परिमाण र मूल्य आयात अनुमतिपत्रमा उल्लेख भएकोसंग पूर्णरुपमा मेल खाएको हुनुपर्नेछ ।

१५. देहायका बस्तुहरु पैठारीका लागि पूर्ण बन्देज गरिएकोछ :

१५(१) स्वास्थ्यलाई हानी गर्ने सामानहरू:
(क) अफिम, मर्फिया जस्ता लागू पदार्थहरू ।
(ख) साठी प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराहरू ।

१५(२) हातहतियार र विस्फोटक पदार्थहरू (नेपाल सरकारको इजाजतपत्र प्राप्त वाहेक)
(क) खरखजाना बनाउन चाहिने आवश्यक सामानहरू,
(ख) बन्दुकहरू र बन्दुकका गोलीहरू,
(ग) कागज बाहेकका केपहरू (Capes),
(घ) अन्य बिस्फाटक पदार्थहरू र हातहतियारहरू ।

१५(३) रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ को नियम १८ बमोजिम लाइसेन्स लिन नपर्ने रेडियो यन्त्रबाहेक वायरलेस, वाकिटकी, कर्डलेस, प्रसारण यन्त्र, स्याटेलाइट कम्युनिकेसन, स्याटेलाइट रिसिभर, लिङ्क रेडियो उपकरण जस्ता रेडियो उपकरण र अन्य यस्तै शव्दबाहक, संवादवाहक, दृश्यवाहक, तथ्याङ्कबाहक, रेडियो यन्त्रहरू (नेपाल सरकारको स्वीकृति प्राप्त बाहेक) ।

१५(४) मूल्यवान धातु (सुन चाँदी वाहेक) ।

१५(५) गोमांस ।

१५(६) प्लाष्टिकका भुत्रोहरू एवं पुनः प्रशोधीत (रिसाइकल्ड) प्लाष्टिकका दानाहरू । (तत्कालिन वाणिज्य मन्त्रालयको मिति २०५३।३।३ को सूचना अनुसार)

१५(७) भारत, बङ्गलादेश, श्रीलङ्का र भुटान वाहेक एशियाका अन्य सबै मुलुकहरुबाट जिवित पंक्षी, कुखुरा लगायत अन्य चरा जाती र त्यस्को अप्रशोधित मासु तथा अण्डा लगायत पंक्षीजन्य अप्रशोधित सामाग्रीहरु ।

१५(८) सौर्य विद्युत प्रविधि मार्फत हुने ऊर्जा उत्पादनमा प्रयोग हुने Solar Inverter बाहेकका इन्भर्टर/Home UPS तथा तिनका पार्ट्स् समेत ।

१५(९) औषधि व्यवस्था विभागद्वारा समय समयमा जारी हुने प्रतिबन्धित औषधिको सुचीमा परेका औषधि, Narcotics तथा Psychotropic Substances ।

१६. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६४/६/१० को पत्रानुसार औद्योगिक प्रवर्द्धन बोर्डको १८१ औं बैठकबाट खाने तेल आयात गर्ने सम्बन्धि व्यवस्था :

१६(१) **उद्योगहरुले औद्योगिक कच्चा पदार्थको रुपमा पैठारी गर्ने भन्दा बाहेक** आयातकर्ता फर्म/कम्पनीले बजारमा सोझै बिक्री वितरण गर्ने प्रयोजनको निमित्त प्रशोधित तेलको २० (बीस) किलोग्राम भन्दा बढी तौलको Consumer Pack वा खुला प्रशोधित तेल आयात गर्न पाइने छैन ।

१६(२) उत्पादनमुलक उद्योगहरुले कच्चा वस्तुको रुपमा प्रयोग गर्ने तेल Bulk मा आयात गर्दा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सिफारिस र मापदण्ड बमोजिम मात्र आयात गर्न पाइनेछ । तर उद्योगहरुले अन्य कुनै वस्तु उत्पादन गर्न आफुले मात्र विशेष किसिमले प्रयोग गरी कच्चा पदार्थको रुपमा आयात गर्ने प्रशोधित तेल उदाहरणार्थ Noodles को लागि आफैंले प्रयोग गर्ने Refined Bleached and Deodorized (RBD) Palm Oil र यस्तै अन्य उद्योगले प्रयोग गर्ने RBD Canola Oil, RBD Super Palmolein, RBD Ground Nut Oil, RBD Coconut Oil, Refined Mustard Oil, Coconut Oil, Clove Leaf Oil जस्ताको हकमा माथि उल्लिखित व्यवस्था लागु हुने छैन ।

१७. सवारी वा ढुवानीका साधनहरु पैठारी गर्दा देहायका शर्तहरु पालना गर्नु पर्नेछ:

(क) निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरिएका नयाँ सवारी वा ढुवानीका साधनहरु नेपालस्थित आधिकारिक बिक्रेताहरुले मात्र पैठारी गर्ने पाइनेछ ।

(ख) रिकण्डीसन, प्रयोग भइसकेको वा नेपाल सवारी प्रदूषण मापदण्ड २०५६ भित्र नपर्ने सवारी वा ढुवानीका साधनहरु पैठारी गर्न पाइने छैन ।

१८. खारेजी र बचाउ

(क) परिवर्त्य विदेशी मुद्रामा गरिने आयात प्रतीतपत्र कारोवार सम्बन्धमा यस बैंकबाट जारी भएका देहाय बमोजिमका परिपत्रहरू खारेज गरिएका छन् :-

(१) इ.प्रा.परिपत्र संख्याः ३८१ मिति २०६३/१२/११
(२) इ.प्रा.परिपत्र संख्याः ३८४ मिति २०६३/१२/११
(३) इ.प्रा.परिपत्र संख्याः ३८८ मिति २०६३/१२/११
(४) इ.प्रा.परिपत्र संख्याः ३९२ मिति २०६३/१२/११
(५) इ.प्रा.परिपत्र संख्याः ३९३ मिति २०६३/१२/११
(६) इ.प्रा.परिपत्र संख्याः ४०२ मिति २०६३/१२/११
(७) इ.प्रा.परिपत्र संख्याः ४४९ मिति २०६४/०४/२२
(८) इ.प्रा.परिपत्र संख्याः ४६३ मिति २०६४/०६/१५
(९) इ.प्रा.परिपत्र संख्याः ४६४ मिति २०६४/०७/२०
(१०) इ.प्रा.परिपत्र संख्याः ४६६ मिति २०६४/०८/१२
(११) इ.प्रा.परिपत्र संख्याः ४७५ मिति २०६५/०३/०१

(१२) इ.प्रा.परिपत्र संख्याः ४९० मिति २०६५/०९/१६
(१३) इ.प्रा.परिपत्र संख्याः ४९७ मिति २०६६/०३/२९
(१४) इ.प्रा.परिपत्र संख्याः ४९८ मिति २०६६/०३/३१
(१५) इ.प्रा.परिपत्र संख्याः ५२८ मिति २०६७/०२/१८
(१६) इ.प्रा.परिपत्र संख्याः ५३४ मिति २०६७/०३/३१
(१७) इ.प्रा.परिपत्र संख्याः ५४१ मिति २०६७/०५/०१
(१८) इ.प्रा.परिपत्र संख्याः ५४८ मिति २०६७/०६/२७
(१९) इ.प्रा.परिपत्र संख्याः ५५८ मिति २०६८/०४/०८

(ख) खण्ड (क) बमोजिम खारेज गरिएका परिपत्रहरुबाट भए गरेका काम कारबाहीहरु यसै परिपत्र बमोजिम भए गरेको मानिनेछ ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
१०. श्री सूचना प्रविधि विभाग ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाडौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, अनामनगर, काठमाडौं ।
१३. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१४ श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।

वि.वि.नि.फा.नं. ३

सि.नं. मिति :

.......................... बैंक
.........................शाखा ।

विषयः प्रतीतपत्र खोलेको विवरण ।

श्री मैनेंजरज्यू

कृपया निम्न विवरण वमोजिमको आयात प्रतीतपत्र ...................... विक्रेता/उत्पादनकर्ता फर्मको नाममा (क) खोली दिनुहुन (ख) संशोधन (ग) रद्द गरिदिनु हुन अनुरोध गर्दछु ।

१. खोलिने प्रतीतपत्र सम्बन्धी विवरण :

(क) प्रतीतपत्र खोलिने कुल विदेशी मुद्रा रकम :

(ख) सामान चलान हुने देश :

(ग) सामान आयात हुने भन्सार प्रवेश विन्दु :

२. आयात गरिनेसामानको नाम | हार्मोनिक कोड नं. | परिमाण | मूल्य (वि.मु.रकम)

.....................................

निवेदकको दस्तखत

संशोधन तथा रद्दको हकमा :
१. प्रतीतपत्र नम्बर
२. संशोधन गर्नुपर्ने बुँदाहरू
(क)
(ख)

फर्मको नाम :
ठेगाना :
आयकर दर्ता नम्बर

---

सम्बन्धित बैंकले भर्नुपर्ने विवरण

१. आयात प्रतीतपत्र नम्बर
२. खोलेको मिति (इ.सं.मा)
३. बहाली मिति
४. प्रतीतपत्र खोलेको रकम (विमु.मा)
५. भुक्तानीको श्रोत : (क) बैंकको मौज्दातबाट
(ख) आयातकर्ताको विदेशी मुद्रा खाताबाट
६. विनिमय दर :
७. एडभाइजिङ्ग बैंकको नाम :
८. प्रतीतपत्रको भुक्तानी व्यवस्था : (क) साइट (ख) यूसान्स (कति अवधिको

उपरोक्त विवरण वमोजिम नियमानुसार आयात प्रतीतपत्र (क) खोलेको (ख) संशोधन (ग) रद्द गरेको व्यहोरा प्रमाणित गर्दछु ।

अख्तियार प्राप्त अधिकारीको दस्तखत
बैंकको छाप :

**(इ.प्रा. परिपत्र संख्या- ५८० प्रयोजनका लागि)**

वि.वि.नि.फा.नं.४

..........................

.........................शाखा

सि.नं. मिति :

..........................

..........................

..........................।

विषयः पैठारीको भुक्तानी प्रमाणपत्र ।

महाशय,

निम्न विवरण वमोजिमका सामानको पैठारीको लागि मेशर्श श्री............................ ले यस बैंकबाट निम्नानुसार (क) भुक्तानी गरी (ख) क्रेडिट सुविधा (युसान्स प्रतीतपत्र) अन्तर्गत कागजात छुटाउनु भएको व्यहोरा प्रमाणित गर्दछु ।

१. आयात प्रतीतपत्र/डि.ए.पी/डि.ए.ए. नम्बर २. प्रतीतपत्र खोलेको/ डि.ए.पी/डि.ए.ए. मा उल्लेख भएको वि.मु.रकम

३. भुक्तानी गरिएको वि.मु.रकम ४. भुक्तानी गरिएको मिति

५. क्रेडिट सुविधा अन्तर्गतको वि.मु.रकम ६. विनिमय दर

७. भुक्तानीको श्रोत : (क) बैंकको मौज्दातबाट (ख) आयातकर्ताको वि.मु. खाताबाट

८. भुक्तानी गरिएको सामानको विवरण हार्मोनिक कोड नं. परिमाण भुक्तानी रकम (वि.मु.)

______________________

अख्तियार प्राप्त अधिकारीको दस्तखत

छाप :

द्रष्टव्यः

- डि.ए.पि.भन्नाले Documents Against Payment लाई जनाउंदछ ।
- डि.ए.ए. भन्नाले Document Against acceptance भन्ने जनाउंछ ।

---

भन्सार प्रयोजनको लागि

माथि उल्लिखित विवरण अनुसारको मूल्य विदेशी मुद्रा .................................. को जम्मा ............................................ परिमाणको ......................................................... सामानहरू मिति ........................... को भन्सार रसिद नं. .............. बाट यस भन्सार कार्यालयबाट छुटाइ लगेको प्रमाणित गर्दछौं ।

______________________

भन्सार अधिकृतको दस्तखत

छाप

नोट : (क) पहिलो २ प्रति भन्सार प्रयोजनको लागि (भन्सार कार्यालयबाट प्रमाणित गरिसकेपछि १ प्रति सम्वन्धित बैंकमा नै वुझाउनु पर्ने )

(ख) तेश्रो प्रति नेपाल राष्ट्र बैंक , विदेशी विनिमय व्यवस्थापन विभाग, बालुवाटारमा पठाउनु पर्ने ।

(ग) चौथो प्रति सम्वन्धित बैंकमा अभिलेख राख्नु पर्ने ।

(इ.प्रा. परिपत्र संख्या- ५८० प्रयोजनका लागि)

वि.वि.नि.फा.नं.४ (घ)

मिति :

.......................

..................... शाखा

<u>क्रेडिट सुविधा (**Usance** प्रतीतपत्र) अन्तरगत भुक्तानी गरेको प्रमाणपत्र</u>

श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
<u>बालुवाटार, काठमाडौं ।</u>

महाशय,

तल उल्लिखित आयातकर्ताले क्रेडिट सुविधा (Usance प्रतीतपत्र) अन्तरगत खोलेको प्रतीतपत्रबाट मिति ............................ मा छुटाएको Document को भुक्तानी निम्न वमोजिम भएको ब्यहोरा प्रमाणित गर्दछु ।

१. आयातकर्ताको नाम :
२. प्रतीतपत्र नं. :
३. प्रतीतपत्र खोल्दाको मिति :
४. प्रतीतपत्र खोल्दाको रकम :
५. भुक्तानी गरिएको वि.मु. रकम :
६. भुक्तानी मिति :
७. बिनिमय दर :

...........................................
अख्तियार प्राप्त अधिकारीको दस्तखत
बैंकको छाप :

(इ.प्रा. परिपत्र संख्या- ५८० प्रयोजनको लागि)

| | | | | | | आयात हुने वस्तु | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | एल.सी. नं. | खोलेको मिति | प्रतीतपत्रको म्याद | आयातकर्ताको नाम | वेनिफिसियरीको नाम | नाम | परिमाण | मूल्य | उत्पादन भएको देश | चलान भएको देश | कुनै संशोधन भए |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

दस्तखत................................................